म.प.बै.सं. २७।०८२

## संवत् २०८२ साल असोज ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान निर्देशक पदमा अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री टेकेन्द्र कार्कीलाई बढुवा गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवत् २०८२ साल भदौ २३ र २४ मा काठमाडौंलगायत मुलुकका विभिन्न स्थानमा भएका विरोध प्रदर्शन र आन्दोलनका क्रममा सार्वजनिक निकायहरूमा भएको क्षतिको पुनर्स्थापना गरी कार्यालय सञ्चालन र सेवा प्रवाहको व्यवस्था मिलाउन सार्वजनिक निकायहरूले आवश्यक परिमाण र समयावधि खुलाइ तत्काल गर्नुपर्ने खरिदको विवरण तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा सार्वजनिक खरिद गर्ने व्यवस्था मिलाउने।

३. अर्थ मन्त्रालयः भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन (Loss and Damage Assessment) गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना (Reconstruction Plan) तयार गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने।

४. अर्थ मन्त्रालयः २०८२ भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको आगजनी तथा तोडफोडबाट भौतिक संरचना, सवारी साधन, अन्य साधन र मेशिनरी औजारमा गम्भीर क्षति भई पुनः प्रयोग गर्न नसकिने भएको हकमा देहायबमोजिम गर्ने।

(क) जिल्ला स्थित कार्यालयको हकमा कार्यालय प्रमुखले मिनाहा समितिबाट शीघ्र निर्णय गराई पूर्णरूपमा नष्ट भएका वा पुन प्रयोग गर्न नमिल्ने भनि सिफारिस भएका भौतिक संरचना, सवारी तथा अन्य साधन, मेशिनरी औजार उपकरण र सफ्टवेयर. फर्निचर आदिसमेत दर्ता खारेजी र जिन्सी तथा सम्पत्ति अभिलेखबाट हटाउने प्रयोजनको लागि पन्ध्र दिन भित्र मिनाहा गर्ने।

(ख) खण्ड (क) बमोजिम मिनाहा गरिएका जिन्सी तथा सम्पत्तिको पत्रु सम्पत्ति तथा जिन्सी मालसामानको रूपमा न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी तीन दिनको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्ने।

(ग) केन्द्रीय निकायको हकमा त्यस्तो निकायको सचिवले लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको सिफारिसको आधारमा खण्ड (क) मा व्यवस्था भएबमोजिम पन्ध्र दिन भित्र मिनाहा गर्ने।

(घ) खण्ड (ग) बमोजिम मिनाहा गरिएका जिन्सी तथा सम्पत्तिको पत्रु सम्पत्ति तथा जिन्सी मालसामानको रूपमा न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी तीन दिनको सूचनामार्फत लिलाम बिक्री गर्ने। लिलाम बिक्री नभएसम्म तत्काल सिंहदरबार वा केन्द्रीय निकाय परिसरबाट हटाई अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बानेश्वर वा अन्य उपयुक्त स्थानमा सार्ने।

(ङ) खण्ड (क) र (ग) बमोजिम मिनाहा भएका सवारी तथा अन्य साधनहरूको यातायात व्यवस्था कार्यालयबाट लगतकट्टा गर्दा कुनै कर, शुल्क, दस्तुर नलाग्ने व्यवस्था मिलाउने।

५. अर्थ मन्त्रालयः जेनजी आन्दोलनको क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई तत्काल सुचारु गर्न एकीकृत व्यावसायिक पुनरुत्थान योजनाअन्तर्गत विभिन्न राहत, कर छुट, सहुलियत तथा सुविधाहरू प्रदान गर्ने।

६. अर्थ मन्त्रालयः

(क) नेपाल सरकारबाट सञ्चालित आयोजनाको हकमा वन विकास कोषमा जम्मा गर्नुपर्ने रकम सो कोषबाट दायित्व सिर्जना भएको वखत स्रोत व्यवस्थापन गर्ने गरी अर्थ मन्त्रालयले जारी गरेको पत्रको आधारमा वन तथा वातावरण मन्त्रालयले वन क्षेत्र प्रयोगको स्वीकृतिसम्बन्धी बाँकी प्रकृया अघि बढाउने।

(ख) प्रदेश सरकारबाट सञ्चालित आयोजनाको हकमा वन विकास कोषमा जम्मा गर्नुपर्ने रकम कोषबाट दायित्व सिर्जना भएको वखत सम्बन्धित प्रदेशले व्यहोर्ने गरी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय भई आएमा समेत वन तथा वातावरण मन्त्रालयले वन क्षेत्र प्रयोगको स्वीकृतिसम्बन्धी बाँकी प्रकृया अघि बढाउने।

(ग) नेपाल सरकारको ऋण सहायतामा सञ्चालित आयोजना (सार्वजनिक संस्थान र त्यसको सहायक कम्पनीमार्फत कार्यान्वयन हुने आयोजनासमेत) को हकमा समेत अर्थ मन्त्रालयले जारी गरेको पत्रको आधारमा कोषबाट दायित्व सिर्जना भएका वखत नेपाल सरकारले व्यवस्थापन गर्ने गरी वन तथा वातावरण मन्त्रालयले वन क्षेत्र प्रयोगको स्वीकृति दिने प्रकृया अघि बढाउने।

७. अर्थ मन्त्रालयः भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृत गर्ने।

८. अर्थ मन्त्रालयः सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी संलग्न अनुसूची स्वीकृत गर्ने र सोको कार्यान्वयनको व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः

(क) नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा कार्यरत श्री हितेन्द्रदेव शाक्यलाई नेपाल सरकारको विशिष्ट श्रेणी सरह हुने तथा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदमा खाइ पाइ आए सरहको पारिश्रमिक एवं सेवा सुविधा उपलव्ध गराउने गरी जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञ सदस्य पदमा नियुक्ति गर्ने।

(ख) श्री मनोज सिलवाल, सिन्धुपाल्चोकलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने।

१०. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.लाई नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागबाट केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौंमा सरुवा गर्ने।

११. गृह मन्त्रालयः मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१२. गृह मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेश गर्न श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा श्री विज्ञानराज शर्मा र श्री विश्वेश्वर प्रसाद भण्डारी सदस्य रहने गरी जाँचबुझ आयोग गठन गर्ने र जाँचबुझ आयोगको कार्यक्षेत्र (TOR) स्वीकृत गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका महासेनानी डा. नविनभक्त शाक्यको पदावधि थप गर्ने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री ईश्वर राज पौडेललाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गतबाट गृह मन्त्रालय वा अन्तर्गत सरुवा गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ भदौ २३ र २४ गते भएको प्रदर्शनको क्रममा नष्ट भएका विभिन्न निकायमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फारामका सम्बन्धमा देहायबमोजिम गर्नेः

क) आर्थिक बर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन प्रक्रिया पूरा भई सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइसकिएको भए सोको प्रमाणित छायाप्रति सम्बन्धित बढुवा समितिको सचिवालयबाट सम्बन्धित निकायले माग गरी अभिलेख गर्ने। मूल्याङ्कन प्रक्रिया पूरा नभएका वा पूरा भए तापनि बढुवा समितिको सचिवालयमा पठाउन बाँकी रही नष्ट भएका कार्यसम्पादन मूल्याङ्कन फारामको सम्बन्धमा तत् तत् कर्मचारीहरूलाई सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र पुनः भरी पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख) खण्ड (क) बमोजिम पुनः पेश भएका कार्यसम्पादन मूल्याङ्कन फारामहरू ३० दिन भित्र मूल्याङ्कन कार्य सम्पन्न गरी तोकिएका निकायहरूमा अभिलेखका लागि पठाउन सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरूमा पत्राचार गर्ने।

ग) आर्थिक बर्ष २०८१/८२ भन्दा अघिल्ला बर्षका मूल्याङ्कन कार्य सम्पन्न भई कार्यालयमा रहेका कार्यसम्पादन मूल्याङ्कन फारामहरू नष्ट भएको अवस्थामा सम्बन्धित बढुवा समितिको सचिवालयबाट उक्त कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित छायाप्रति माग गरी अभिलेख गर्ने।

घ) मूल्याङ्कन कार्य सम्पन्न भई सम्बन्धित कार्यालय र सम्बन्धित बढुवा समितिको सचिवालयमा रहेका आ.ब. २०८१/८२ र सो अघिका आ.ब.का दुबै स्थानका कार्यसम्पादन मूल्याङ्कन फारामहरू नष्ट भएको अवस्थामा लोकसेवा आयोगमा रहेको कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित प्रति आयोगबाट माग गरी अभिलेख राख्ने। लोक सेवा आयोगमासमेत नभएको अवस्थामा बहालवाला मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन कार्य सम्पन्न गराई सम्बन्धित निकायहरूमा पठाउने।

१६. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री गोकर्णमणि दुवाडीलाई गृह मन्त्रालयबाट राष्ट्रिय योजना आयोग, सचिव श्री सुमनराज अर्याललाई राष्ट्रिय योजना आयोगबाट रक्षा मन्त्रालय, सचिव श्री रामेश्वर दङ्गाललाई रक्षा मन्त्रालयबाट गृह मन्त्रालय र सचिव श्री दिनेशकुमार घिमिरेलाई अर्थ मन्त्रालयबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा सरुवा गर्ने।

**म.प.बै.सं. २८।०८२**

## संवत् २०८२ साल असोज ९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार (कार्य विभाजन) (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः विश्वव्यापी आवधिक पुनरावलोकन (चौथो चक्र) को राष्ट्रिय प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदन नेपाल सरकार, परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्मा पेश गर्ने।

३. अर्थ मन्त्रालयः संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन अर्थमन्त्री श्री रामेश्वर प्रसाद खनाल र सचिव श्री घनश्याम उपाध्यायलाई स्वीकृति दिने।

४. अर्थ मन्त्रालयः विश्व वातावरण सुविधाबाट सुदूरपश्चिम नेपालमा वन तथा पर्वतीय पारिस्थितिक प्रणाली पुनःस्थापना परियोजनाका लागि प्राप्त हुने बाइस लाख वयालिस हजार चार सय त्रियासी अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

५. अर्थ मन्त्रालयः विश्व वातावरण सुविधाबाट मध्य नेपालमा धानमा आधारित खेती तथा खाद्य प्रणालीको जलवायु उत्थानशील रूपान्तरण आयोजनाका लागि प्राप्त हुने सतासी लाख आठ सय सतरी अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

६. अर्थ मन्त्रालयः संयुक्त राष्ट्र संघीय पूँजी विकास कोषबाट स्थानीय जलवायु अनुकूलनशील जीवनयापन सुविधा परियोजनाको लागि प्राप्त हुने एकचालिस लाख नब्बे हजार अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

७. अर्थ मन्त्रालयः राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धी सुझाव कार्यदल, २०८२ को कार्यावधि पैंतालिस दिन थप गर्ने।

८. अर्थ मन्त्रालयः वित्तीय क्षेत्र विकास रणनीति (२०८२।८३-२०८६।८७) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

९. अर्थ मन्त्रालयः नेपाल बीमा प्राधिकरणको रिक्त सञ्चालक समितिको अध्यक्ष भई कामकाज गर्ने गरी आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री जनकराज शर्मालाई जिम्मेवारी तोक्ने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय वा अन्तर्गतबाट सञ्चालन हुने जम्मा ६५ वटा आयोजना/कार्यक्रमहरूको आ.व. २०८२/०८३ को लागि अधिकृतस्तरका चार सय पचास अस्थायी दरबन्दी स्वीकृत गर्ने।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतका आयोग/कार्यक्रम/आयोजना/प्रयोगशालाको आ.व. २०८२/०८३ को लागि अधिकृतस्तरका दुई सय उनानअसी अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१२. गृह मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका परिवारलाई (आन्दोलनको मौका छोपी भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालवन्दी बाहेक) प्रति परिवार रू. दश लाख रूपियाँ आर्थिक सहायता र काजकिरिया खर्च, खाना खर्च र यातायात खर्च बापत रू. पाँच लाख रूपियाँ रकम आर्थिक सहायता उपलब्ध गराउने।

१३. गृह मन्त्रालयः गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गतका कार्यालयहरूको आ.व.२०८२/८३ को लागि अधिकृतस्तरका ३३ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः मालपोत ऐन, २०३४ को दफा २६क. र दफा २६.ख को प्रयोजनको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सञ्चालन हुने पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनासमेतका आयोजना/योजनाहरूको आ.व.२०८२/८३ को लागि अधिकृतस्तरको ३५५ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेनाका महासेनानी मिलन तुलाचनलाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका आठजना महासेनानीहरूको सहायक रथी दर्जामा बढुवा गर्ने।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका तीनजना सहायक रथीहरूको सरुवा गर्ने।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी प्रकाश उपाध्यायलाई सोही सेवा, समूह तथा उपसमूहको महासेनानी दर्जामा बढुवा गर्ने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, पशु विकास तथा पशु स्वास्थ्य समूहका प्रमुख सेनानी डा.संजीवकुमार सिंहलाई सोही सेवा, समूहको महासेनानी दर्जामा बढुवा गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहसचिवहरू (प्रा.) डा. राम गोविन्द अर्याल र श्री रमेश शर्मा पौड्यालको राजीनामा स्वीकृत गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८२ स्वीकृत गर्ने।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः अनलाइन सञ्चार माध्यम दर्ता गर्ने प्रयोजनको लागि सूचना तथा प्रसारण विभागको महानिर्देशकलाई स्थानीय अधिकारीको रूपमा तोक्ने।

२५. शहरी विकास मन्त्रालयः शहरी विकास मन्त्रालयअन्तर्गत नयाँ शहर आयोजनालगायतका निकायहरूको आर्थिक वर्ष २०८२।८३ को लागि अधिकृतस्तरका ४५५ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२६. नेपाल सरकारको प्रवक्तामा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तोक्ने।

२७. नेपाल इञ्जिनियरिङ सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री चिरञ्जिवी चटौतलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव (ऊर्जा) पदमा पदस्थापन गर्ने।

२८. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री कृष्ण प्रसाद काप्रीलाई बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने।

२९. देहायानुसार मन्त्रिपरिषद्का समिति गठन गर्ने।

(क) **मन्त्रिपरिषद् प्रशासन समिति**

| | |
|---|---|
| १. **माननीय अर्थ मन्त्री** | **- संयोजक** |
| २. माननीय गृह मन्त्री | - सदस्य |
| ३. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | - सदस्य |
| ४. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | - सदस्य |
| ५. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - सदस्य |

(ख) **मन्त्रिपरिषद् सामाजिक समिति**

| | |
|---|---|
| १. **माननीय गृह मन्त्री** | **- संयोजक** |
| २. माननीय अर्थ मन्त्री | - सदस्य |
| ३. माननीय शहरी विकास मन्त्री | - सदस्य |
| ४. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - सदस्य |
| ५. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | - सदस्य |

(ग) **मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति**

| | |
|---|---|
| १. **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री** | **- संयोजक** |
| २. माननीय अर्थ मन्त्री | - सदस्य |
| ३. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री | - सदस्य |
| ४. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - सदस्य |
| ५. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - सदस्य |

(घ) **मन्त्रिपरिषद् विधेयक समिति**

| | |
|---|---|
| १. **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री** | **- संयोजक** |
| २. माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - सदस्य |
| ३. माननीय गृह मन्त्री | - सदस्य |
| ४. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री | - सदस्य |
| ५. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - सदस्य |

म.प.बै.सं. २९।०८२

**संवत् २०८२ साल असोज १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा श्री अजय भद्र खनाल, काठमाडौं र जनसम्पर्क सल्लाहकारमा श्री गोविन्द नारायण तिमिल्सीना, भक्तपुरलाई नियुक्त गर्ने।

२. अर्थ मन्त्रालयः मिलेनियम च्यालेन्ज एकाउण्ट नेपालको लागि थप ५० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ स्वीकृत गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ का लागि अधिकृतस्तरका २८ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः २०८२ कात्तिक १० देखि १३ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको आठौं बैठकमा सहभागी हुन माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङलाई स्वीकृति दिने।

६. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक श्री राजन अधिकारीलाई नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागमा र प्रहरी अतिरिक्त महानिरीक्षक श्री शिद्धि बिक्रम शाहलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा सरुवा गर्ने।

७. गृह मन्त्रालयः

(क) २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाईते भएका व्यक्तिहरूको पहिचान एवं सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराउने विवरणका आधारमा गृह मन्त्रालयले परिचयपत्र वितरणको व्यवस्था मिलाउने।

ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइते भएका व्यक्तिहरूको पुनः उपचार (Follow Up) का लागि अस्पतालहरू तोक्ने र ती अस्पतालहरूमा जेन-जी (Gen-Z) क्लिनिक सञ्चालन गर्ने। यसरी पुनः उपचार (Follow Up) मा जाने घाइतेलाई निःशुल्क आवतजावतको व्यवस्थासमेत मिलाउने।

ग) घाइते भएका व्यक्तिहरूको उपचार सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हटलाईनको व्यवस्था मिलाउने र सहजीकरणका लागि सम्पर्क व्यक्ति तोकि निजको सम्पर्क नम्बरसमेत सार्वजनिक गर्ने।

घ) घाइते भएका व्यक्तिहरूको वर्गीकरण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुखको संयोजकत्वमा प्राविधिक समिति गठन गरी तत्काल कार्य प्रारम्भ गर्ने।

ङ) प्राविधिक समितिले वर्गीकरण गरे पश्चात् घाइते भएका व्यक्तिहरूलाई वर्गीकरणका आधारमा उचित राहतको व्यवस्था गर्ने। तत्कालका लागि स्वाथ्य तथा जनसंख्या मन्त्रालयको प्रारम्भिक प्रतिवेदनको आधारमा घाइतेलाई भैपरी खर्च बापत बीस हजार रुपियाँका दरले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत रकम उपलब्ध गराउने।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः मुग्लिङ-पोखरा सडकअन्तर्गत मुग्लिङदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिङ बजारको पारिपट्टि त्रिशुली किनार (गोरखातर्फ) देखि मर्स्याङदी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत गृहको पारिपट्टि (गोरखातर्फ) सम्म थप सडकको रेखाङ्कन स्वीकृत गर्ने। उक्त सडकको केन्द्ररेखाबाट दायाँ बायाँ १५/१५ मिटर गरी ३० मिटरको सडकको मापदण्ड स्वीकृत गर्ने।

१०. युवा तथा खेलकुद मन्त्रालयः कार्यकारी निर्देशक नियुक्त नभएसम्मको लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषका उपाध्यक्षलाई कार्यकारी निर्देशकले सम्पादन गर्ने सबै कार्यहरू गर्न अधिकार प्रदान गर्ने।

**द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

११. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेका बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालगायतका ५ वटा आयोजनाको आ.व. २०८२/८३ का लागि अधिकृतस्तरका जम्मा ५७ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सात जना सहसचिवहरूको सरुवा गर्ने।

**म.प.बै.सं. ३०।०८२**

## संवत् २०८२ साल असोज २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ कात्तिक ३ देखि ७ गतेसम्म फ्रान्सको राजधानी पेरिसमा आयोजना हुने International Cooperation Review Group (ICRG) and/or Financial Action Task Force (FATF) को बैठकमा सहभागी हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव श्री फणीन्द्र गौतमको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

३. अर्थ मन्त्रालयः विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (८) बमोजिम रहेको रकमान्तरको सीमा देहायको सेवा र कार्यको लागि कायम नहुने गरी आदेश जारी गर्ने।
   (क) जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्न।
   (ख) जेनजी आन्दोलनका क्रममा भएको क्षतिबाट प्रभावितको लागि राहत तथा आर्थिक पुनरुत्थान र सार्वजनिक सेवा सुचारु गर्नका लागि रकम व्यवस्था गर्न।
   (ग) आसन्न प्रतिनिधि सभाको निर्वाचनको लागि रकम व्यवस्था गर्न।
   (घ) विपद्बाट उत्पन्न परिस्थितिको व्यवस्थापन तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने रकम व्यवस्था गर्न र
   (ङ) चालु महत्त्वपूर्ण आयोजनाहरूमा आवश्यक रकम व्यवस्था गर्न।

४. अर्थ मन्त्रालयः एशियाली विकास बैंकबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने Sixteenth Session of the United Nations Conference on Trade and Development (UNCTAD 16) मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिल कुमार सिन्हालाई स्वीकृति दिने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरणको स्रोत व्यवस्थापन गर्न बिस अर्ब रुपैंया बराबरको ऋणपत्र/ऊर्जा बण्ड चरणबद्ध रूपमा निष्काशन गर्न स्वीकृति दिने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय समूहका राजपत्राङ्कित प्रथम श्रेणीका आठ जना अधिकृतहरूको सरुवा गर्ने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः पेरुको लिमामा २०८२ मङ्सिर १० र ११ मा आयोजना हुने International Treaty on Plant Genetic Resources for Food and Agriculture (ITPGRFA) को Governing Body को एघारौं अधिवेशन (GB-११) अन्तर्गत High-Level Segment कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री डा. मदन प्रसाद परियारलाई सहभागी हुन स्वीकृति दिने।

९. गृह मन्त्रालयः २०८२ असोज १९ र २० गतेको सार्वजनिक बिदाको समर्थन गर्ने।

१०. गृह मन्त्रालयः नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले तीन महिनाको अवधिको लागि इलाम जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

११. गृह मन्त्रालयः नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षकहरू सुशील सिंह राठौर, उमा प्रसाद चतुर्वेदी, हिमालय कुमार श्रेष्ठ र डम्बर बहादुर बिश्वकर्मालाई मिति २०८२/६/१९ देखि लागु हुने गरी नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फको प्रहरी अतिरिक्त महानिरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) पदमा बढुवा नियुक्त गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग; नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग; नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभाग, नक्सालमा पदस्थापन गर्ने।

१२. परराष्ट्र मन्त्रालयः नेपाली महावाणिज्यदूतावास, कोलकाताको स्वामित्वमा रहेको कूल ४२६०.३५ व.मी. जग्गामध्ये पश्चिमपट्टिको डाइमण्ड हार्वर रोडतर्फको कूल ४०९.५३ व.मी. जग्गा नेपाली महावाणिज्यदूतावास, कोलकाताको उत्तर-पश्चिमतर्फ साँध रहेको भातीय रेल विकास निगम लिमिटेडको स्वामित्वमा रहेको कूल ५२६.३४ व.मी जग्गासँग सट्टापट्टा गर्न स्वीकृति दिने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१, सो गठन आदेशबमोजिम गठन भएको भूमि समस्या समाधान आयोग तथा सबै जिल्लामा गठन भएका जिल्ला समितिहरू खारेज गर्ने।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः २०८२ कात्तिक १७ देखि २२ गतेसम्म फ्रान्समा आयोजना हुने Urban Cable Car System सम्बन्धी कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री केशव कुमार शर्मालाई स्वीकृति प्रदान गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत नर्सिङ उपसमूहतर्फका महासेनानी अन्जु रायमाझीलाई सोही सेवा, समूह तथा उपसमूहको सहायक रथी दर्जामा बढुवा गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत मेडिकल उपसमूहतर्फका महासेनानी डा. सुमनराज डंगोललाई सोही सेवा, समूह तथा उपसमूहको सहायक रथी दर्जामा बढुवा गर्ने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत मेडिकल उपसमूहतर्फका महासेनानी डा. सागरमणि झालाई सोही सेवा, समूह तथा उपसमूहको सहायक रथी दर्जामा बढुवा गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ कात्तिक २९ देखि मङ्सिर ५ गतेसम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने Seminar on Economic Policy and Development for Ministerial Officials for Nepal मा सहभागी हुन सङ्घीय मामिला तथा सामान्य मन्त्रालयका सचिव श्री रविलाल पन्थलाई स्वीकृति प्रदान गर्ने।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका १५ जना सहसचिवहरूको सरुवा गर्ने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (छैटौं संशोधन) नियमहरू, २०८२ स्वीकृत गर्ने।

२१. शहरी विकास मन्त्रालयः शहरी विकास सम्बन्धी कानून तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।

२२. शहरी विकास मन्त्रालयः नगर विकास कोष सम्बन्धी कानून तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।

२३. त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति, २०८१ ले पेश गरेको प्रतिवेदन कार्यान्वयनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने।

२४. अध्यागमन र भिजिट भिसाको सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति, २०८२ ले पेश गरेको प्रतिवेदन कार्यान्वयनको लागि गृह मन्त्रालयमा पठाउने।

२५. नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले गरेको प्रतिवेदन, २०८२ कार्यान्वयनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने।

**म.प.बै.सं. ३१।०८२**

**संवत् २०८२ साल असोज ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गतको संस्थागत सुधार कार्यक्रम सञ्चालनको लागि आ.व. २०८२/८३ मा रा.प.तृतीय श्रेणी, विविध सेवा, सूचना प्रविधि अधिकृत पद संख्या-१ को अस्थायी दरबन्दी सिर्जना गर्ने।

२. अर्थ मन्त्रालयः विश्व बैंकको व्यवस्थापनमा मल्टि डोनर ट्रष्ट फण्डबाट विकास प्रभावकारिताका लागि सार्वजनिक वित्त व्यवस्थापन परियोजनाको लागि प्राप्त हुने १० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः इनरुवा-पूर्णीया ४०० के.भि. र दोदोधारा-बरेली ४०० के.भि. अन्तरदेशीय प्रसारण लाइन निर्माणको लागि नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडको संयुक्त लगानीमा नेपाल तथा भारत दुवै भूमिमा दुईवटा संयुक्त कम्पनी स्थापना गर्ने र उल्लिखित दुईवटा संयुक्त कम्पनीहरूमा नेपाल विद्युत प्राधिकरणबाट क्रमशः एक अर्ब तथा दुई अर्ब रुपियाँ बराबरको स्वपूँजी लगानी गर्न स्वीकृति प्रदान गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयअन्तर्गतका विभिन्न आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा तोक्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल र भारतबिच हस्ताक्षर हुने पारस्परिक कानूनी सहायता सन्धिसम्बन्धी Agreement between the Government of Nepal and the Government of the Republic of India on Mutual Legal Assistance in Criminal Matters विषयक सम्झौता स्वीकृत गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका रजिस्ट्रार श्री जितेन्द्रबाबु थपलियालाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति गरी न्याय परिषद्को सचिव पदमा पदस्थापन गर्ने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारूलाई सो अदालतको कामकाजसमेत गर्ने गरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ को उपदफा २३.२.१ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपालले अन्य मुलुकसँग आवश्यकताअनुसार फौजदारी मामिलामा पारस्परिक कानूनी सहायता सन्धि गर्न वार्ताको लागि प्रस्ताव गर्नेसम्बन्धी Treaty on Mutual Legal Assistance in Criminal Matters (MLAT) स्वीकृत गर्ने र आवश्यकताअनुसार कूटनैतिक माध्यमबाट विभिन्न मुलुकसमक्ष पठाउन स्वीकृति दिने। वार्ताका लागि पठाइएको मुलुकबाट प्राप्त सुझावका आधारमा पारस्परिक कानूनी सहायता सन्धि सम्पन्न गर्न वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई दिने।

९. गृह मन्त्रालयः २०८२ असोज ३१ गते भारतको हैदराबादमा सञ्चालन हुने Dikshant Parade of Officer Trainees of Indian Police Service (IPS of 77 RR) समारोहमा सहभागी हुन प्रहरी अतिरिक्त महानिरीक्षक श्री शिद्धी विक्रम शाहलाई स्वीकृति दिने।

१०. परराष्ट्र मन्त्रालयः मित्रराष्ट्र चीन, जर्मनी, इजरायल, मलेशिया, कतार, रुस, साउदी अरब, स्पेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र जापानमा कार्यरत नेपाली आवासीय राजदूतहरूलाई सो पदको जिम्मेवारीबाट मुक्त गरी मिति २०८२ कात्तिक २० गतेभित्र नेपाल फर्किसक्ने गरी फिर्ता बोलाउने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः २०८२ कात्तिक १७ र १८ गते भारतको नयाँदिल्लीमा आयोजना हुने Second Asia Pacific E-commerce Policy Summit, 2025 मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गतका कार्यालय/कार्यक्रमहरूको आ.व. २०८२/८३ का लागि अधिकृत स्तरका ११ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका रथी प्रदिप जंग के.सी. को सरुवा गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहतर्फका पाँचजना सहायक रथीहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका उपरथी गणेश कुमार श्रेष्ठलाई रथी दर्जामा बढुवा गर्ने।

१६. रक्षा मन्त्रालयः भारतको नयाँ दिल्लीमा २०८२ असोज २७ देखि ३० गतेसम्म आयोजना हुने Army Chief's Conclave of UN Troop Contributing Countries (UNTCCS) कार्यक्रममा नेपाली सेनाका रथी श्री प्रदिप जंग के.सी.लाई सहभागी हुन स्वीकृति दिने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका पच्चिसजना महासेनानीहरूको सरुवा गर्ने।

१८. वन तथा वातावरण मन्त्रालयः ब्राजिलको बेलेममा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (UNFCCC) का पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (United Nations Climate Change Conference 2025, CoP 30) मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्री डा.मदन प्रसाद परियार, सचिव गोबिन्द बहादुर कार्की, सचिव डा. राजेन्द्र प्रसाद मिश्र र सचिव डा. दिपक कुमार खराललाई स्वीकृति प्रदान गर्ने।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ कात्तिक १७ देखि २१ गतेसम्म भियतनामको हनोईमा आयोजना हुने IAEA Technical Cooperation Project RAS7043, Regional Mid-Term Review Meeting मा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री विश्वबाबु पुडासैनीलाई स्वीकृति दिने।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः २०८२ कात्तिक १६ देखि २३ गतेसम्म संयुक्त अधिराज्यको लण्डनमा आयोजना हुने World Travel Market (WTM), 2025 मा सहभागी हुन सचिव श्री हरिप्रसाद मैनालीलाई स्वीकृति प्रदान गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री यज्ञ प्रसाद ढुंगेललाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा अध्ययन निर्देशक पदमा काजमा खटाउने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ कात्तिक ९ देखि ११ गतेसम्म इन्डोनेसियामा आयोजना हुने 45th CityNet Executive Committee Meeting मा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः गणतन्त्र कोरियाको सिओलमा २०८२ कात्तिक २६ गते आयोजना हुने 11th Global ICT Leadership Forum मा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेललाई स्वीकृति प्रदान गर्ने।

२४. शहरी विकास मन्त्रालयः कीर्तिपुर क्रिकेट रङ्गशालाको गुरुयोजना स्वीकृत गर्ने, उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने र उक्त आयोजनालाई विशेष परियोजनाको रूपमा कार्यान्वयन गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत हुनुअघि बोलपत्र आह्वान गर्न स्वीकृति दिने।

२५. कायममुकायम नायब महान्यायाधिवक्ता श्री उद्धव प्रसाद पुडासैनीलाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने।

२६. निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री सुर्यराज दाहाललाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट महान्यायाधिवक्ताको कार्यालयमा सरुवा गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**